नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सङ्घीय तथा प्रादेशीक कर्मचारी प्रशासन शाखा)

## सिंहदरबार, काठमाडौं

प.सं.०८०/०८१

च.नं १०५५

मितिः २०८०।८।२२

विषयः रा.प.अंन.प्रथम श्रेणी (नायब सुब्बा) वा सो सरह कर्मचारीको सरुवा तथा पदस्थापन सम्बन्धमा।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै),

यस मन्त्रालयबाट निजामती कर्मचारीहरूको सरुवा तथा पदस्थापनसम्बन्धी कार्यहरु हुँदै आएको छ। सो सम्बन्धमा लोक सेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम राजपत्र अनंकित प्रथम श्रेणी नायव सुब्बा वा सो सरहको पदहरूमा विज्ञापन प्रकाशित हुने (खुल्ला प्रतिस्पर्धा तथा बढुवा) समयको तत्काल अगाडि कामकाज गरिरहेका कर्मचारीहरु सरूवा भई जाँदा लोकसेवा आयोगले माग गर्ने संख्यामा घटबढ हुदा बढुवा प्रयोजनको लागि मात्र सरुवामा दवाब सिर्जना भई जाने क्रम देखिएको र सोको लागि विभिन्न निकायहरुबाट सरुवा सहमतिसमेत माग भई आउने गरेको पाईएको छ। यसरी खुल्ला प्रतिस्पर्धा तथा बढुवा सूचना प्रकाशित हुनुभन्दा तत्काल अगाडि सरुवा गरी पठाउँदा लामो समयदेखि एकै ठाँउमा बसी सेवा गरिआएका कर्मचारीहरुलाई बढुवामा मर्का पर्ने भनी विभिन्न सरोकारवाला पक्षबाट गुनासो आएको हुँदा राजपत्र अनंकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरहको पदको कुनै पनि निकायमा सरुवा/पदस्थापन गर्ने तथा सरुवा सहमति प्रदान गर्ने कार्य मिति २०८० साल माघ १५ गतेसम्मको लागि स्थगित गरिएकोले सोही बमोजिम गर्नु/गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यस मन्त्रालयको मिति २०८०/०८/२२ गतेको निर्णयानुसार अनुरोध छ ।

(हरि शरण न्यौपाने)
शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासनः मन्त्रालयको वेभसाइटमा अपलोड गरिदिनुहुन।